**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १५ अगस्त २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

- राष्ट्र**ले** आज 80 औं स्वतन्त्रता दिवस हर्षोल्लासका साथ मनाईरहेको छ। प्रधानमंत्री नरेन्द्र मोदीले ऐतिहासिक लाल किल्लाको प्राचीरबाट राष्ट्रीय ध्वज फहराउनु भयो।

- स्वतन्त्रता दिवसको अवसरमा आज कोलकाताको रेड रोडमा भव्य समारोहको आयोजन गरियो।

- उत्तर बङ्गालको मिनी सचिवालय 'उत्तरकन्या'- मा पहिलो पटक उत्तर बङ्गाल विकास मन्त्री निशीथ प्रामाणिकले तिरङ्गा फहराउनु भयो। दार्जीलिंग,खर्साङ,मिरिक लगायत बिभिन्न स्थानहरुमा पनि आज स्वतन्त्रता दिवस उत्साहपुर्वक मनाईयो |

- खाना पकाउने गैसका उपभोक्ताहरुलाई राहत दिंदै सरकारी तेल विपणन कंपनिहरुले ई-केवाईसी गराउने समयसीमा बढ़ाएर 23 अगस्त गरेको छ।

**स्वतन्त्रता दिवस -PM**

राष्ट्र**ले** आज 80 औं स्वतन्त्रता दिवस हर्षोल्लासका साथ मनाईरहेको छ। प्रधानमंत्री नरेन्द्र मोदीले ऐतिहासिक लाल किल्लाको प्राचीरबाट राष्ट्रीय ध्वज फहराउनु भयो।राष्ट्रलाई स्वीधनता दिवसको शुभकामना दिंदै प्रधानमन्त्रीले भन्नुभयो आज हरेक हृदयको धड्कन वन्दे मातरमको गायनले गुन्जिरहेको छ।

बाईट

प्रधानमन्त्रीले भन्नुभयो एआई शिखर सम्मेलन आयोजना गरेर भारतले विश्वलाई आफ्नो शक्ति देखाएको छ।उहाँले देशका युवाहरूले पनि एआईको क्षेत्रमा प्रयास गरिरहेको बताउनुभयो।प्रधानमन्त्रीले भन्नुभयो विगत 12 वर्षमा करोडौं देशवासीको दृढ संकल्प, समर्पण र हर सम्भव प्रयासका कारण देशले नयाँ उचाइ छोएको छ।उहाँले भन्नुभयो पहिले भारत पाँच सबैभन्दा कमजोर अर्थव्यवस्था भएको देशमा गनिन्थ्यो तर अहिले भारत विश्वको सबैभन्दा तीव्र गतिमा बढिरहेको अर्थव्यवस्था बनेको छ। प्रधानमन्त्रीले गरिब र मध्यम वर्गीय परिवारका बालबालिकाका लागि परीक्षाको लागि नि:शुल्क अनलाइन कोचिङको घोषणा गर्नुभयो।प्रधानमन्त्रीले सरकारले आगामी एक वर्षमा एक करोड युवाहरूलाई यान्त्रिक मेधा अर्थात् आर्टिफिशियल इंटेलिजेंसमा प्रशिक्षित दिने निर्णय गरेको बताउनुभयो। प्रधानमन्त्रीले भन्नुभयो आधुनिक प्रविधि अब पूर्ण रूपमा महत्वपूर्ण खनिजहरूमा निर्भर छ र भारत यस क्षेत्रमा आफ्नो पकड बलियो बनाउन प्रयासरत छ।उहाँले भन्नुभयो भारतले राष्ट्रिय महत्वपूर्ण खनिज मिसन करिडोर सुरु गरेको छ।सरकारले देशलाई नक्सलवादबाट मुक्त गराएको पनि प्रधानमन्त्रीले बताउनुभयो। उहाँले भन्नुभयो -हथियारी नक्सल त समाप्त भएको छ तर दिमागी नक्सलले अझ पनि आफ्नो चाल चलिरहेको छ र यस्ता नक्सलिहरुलाई चिन्हित गर्नुपर्नेछ। प्रधानमंत्रीले राष्ट्र निर्माणमा दिदीबहिनी अनि बालिकाहरुको योगदान सबैभन्दा अधिक महत्वपूर्ण रहेको बताउनुभयो।प्रधानमंत्रीले आफ्नो भाषणको अन्त्यमा देशवासिहरुसित राष्ट्रहित सोचँका साथ अघि बढ़ने संकल्प लिने आह्वान गर्नुभएको छ।

**स्वाधीनता दिवस- कोलकाता रेड रोड**

स्वतन्त्रता दिवसको अवसरमा आज कोलकाताको रेड रोडमा भव्य समारोहको आयोजन गरियो। यस अवधि राष्ट्रभक्ति तथा बङ्गालको सांस्कृतिक धरोहरको झलक देख्न पाइयो। समारोहमा वन्दे मातरमको गुञ्जबीच मुख्यमन्त्री शुभेन्दु अधिकारीले

नेताजी सुभाष चन्द्र बोसको प्रतिमामा माल्यार्पण गरेपछि राष्ट्रि झण्डा फहराउनु भयो । कार्यमा उत्कृष्ट योगदान दिएकोमा 14 जना आईपीएस अधिकारीहरूलाई 'मुख्यमन्त्री पदक'- द्वारा सम्मानित गरियो। यस वर्ष पहिलो पटक रेड रोडमा आयोजित परेडमा कमाण्डरसितै सहायक कमाण्डर पनि सामेल भए। परेडपछि 12 वटा झाँकीहरू प्रदर्शन गरियो जसमा श्यामाप्रसाद मुखर्जीको झाँकी प्रमुख रह्यो।

**स्वतन्त्रता दिवस- उत्तर बङ्गाल**

80औं स्वतन्त्रता दिवसको अवसरमा उत्तर बङ्गालमा विभिन्न कार्यक्रमहरूको माध्यम द्वारा स्वतन्त्रताको उत्साह मनाइयो। उत्तर बङ्गालको मिनी सचिवालय 'उत्तरकन्या'- मा पहिलो पटक उत्तर बङ्गाल विकास मन्त्री निशीथ प्रामाणिकले तिरङ्गा फहराउनु भयो । वर्ष 2014- मा उत्तरकन्याको उद्घाटन भएपछि स्वतन्त्रता दिवस तथा गणतन्त्र दिवसमा यहाँ आम रूपमा अधिकारी वा डिभीजनल कमिश्नरलेनै ध्वजारोहण गर्दै आएका थिए भने यसपालि यस परम्परामा फेरबदल गर्दै मन्त्री स्वयंमले तिरङ्गा फहराउनु भयो ।

**स्वतन्त्रता दिवस-खर्साङ**

दार्जीलिंग,खर्साङ,मिरिक लगायत बिभिन्न स्थानहरुमा पनि आज स्वतन्त्रता दिवस उत्साहपुर्वक मनाईयो |80 औं स्वतन्त्रता दिवस समारोह समिति 2026 खरसाङको आयोजनामा खरसाङमा स्वतन्त्रता दिवस समारोह सम्पन्न भएको छ। खरसाङको मन्टिभियट खेल मैदानमा आयोजित स्वतन्त्रता दिवस कार्यक्रमको अध्यक्षता आयोजक समितिको सभापति गोबिन छेत्रीले गरेका थिए भने प्रमुख अतिथिको रुपमा खरसाङका विधायक सोनाम लामा उपस्थित रहेका थिए। सूचना अनि सांस्कृतिक विभाग खरसाङका कलाकारहरुले बन्देज मातारम गीत प्रस्तुत गरेपछि थालिएको कार्यक्रममा प्रमुख अतिथि विधायक सोनाम लामाको बाहुलीबाट राष्ट्रिय ध्वज उत्तोलन गरियो। स्वतन्त्रता दिवस समारोहमा खरसाङ क्षेत्रका विभिन्न विद्यालयका विद्यार्थीहरुले मार्चपास्ट प्रस्तुत गरेका थिए भने विधायक सोनाम लामाले सलामी ग्रहण गरेका थिए।सूचना तथा सांस्कृतिक विभागले GTA को सहयोगमा आज लेबोङ पब्लिक ग्राउन्डमा सर्वसाधारण तथा विद्यार्थीहरूको सहभागितामा स्वतन्त्रता दिवस भव्य रूपमा मनायो। कार्यक्रममा मुख्य अथितिको रुपमा विधायक नोमान राईले राष्ट्रिय ध्वज उत्तोलन गर्नुभयो । समारोहमा विद्यार्थी तथा विभिन्न समूहद्वारा देशभक्तिपूर्ण एवं सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरिए। आकाशवाणी खरसाङको प्रागणमा पनि 80औं स्वन्तत्रता दिवस समारोहको आयोजन गरियो। यसमा आकाशवाणीका ADG राजीव सुब्बाले राष्ट्रीय ध्वज फहराउनु भयो र हार्दिक शुभकामना दिनुभयो। उहाँले भन्नुभयो यस दिन शहीदहरुलाई स्मरण गर्ने दिन हो जसले देशको स्वाधीनताका लागि आफ्नो प्राणको बलिदान दिएका थिए। मिरिक स्थित आहाले खेल मैदानमा पनि आज देश प्रेम अनि देशभक्तिका साथ स्वतन्त्रता दिवस पालन गरियो।सूचना एवं संस्कृति बिभागको आयोजनामा सम्पन्न कार्यक्रममा मुख्य अथिति, मिरिक पञ्चायत समितिका अध्यक्ष कैलाश खवास तथा बिशिस्ट अतिथिको रुपमा मिरिक महकुमा अधिकारी कृष्णकान्त घोष उपस्थित हुनुहुन्थ्यो । कार्यक्रमको अघिल्लो चरणमा मुख्य अतिथिद्वारा राष्ट्रिय ध्वजरोहण गरियो । त्येस पछि मुख्य अतिथिले परेडको सलामी लिएका थिए । कार्यक्रमलाई रोचक बनाउन संस्कृतिक कार्यक्रम , म्याराथन दौड अनि अन्तर बिधालयको फुटबल फाइनल खेल सम्पन्न गरिएको थियो ।

**ई-केवाईसी - समयसीमा**

खाना पकाउने गैसका उपभोक्ताहरुलाई राहत दिंदै सरकारी तेल विपणन कंपनिहरुले एलपीजी कनेक्शनको लागि ई-केवाईसी गराउने समयसीमा बढ़ाएर 23 अगस्त गरेको छ । पहिला 16 अगस्त ई-केवाईसी गराउने अंतिम तिथि थियो । धेरै संख्यामा उपभोक्ताहरु ई-केवाईसी गराउन असमर्थ रहे पछि समयसीमा सात दिन बढ़ाउने निर्णय लिईएको हो । उपभोक्ताहरुको सुविधालाई ध्यानमा राख्दै आज 15 अगस्त अनि भोली आईतबार पनि राज्यको धेरै एलपीजी वितरकहरुले आफ्नो केंद्र खुल्ला राख्नेभएका छन् । ऑल इंडिया एलपीजी डिस्ट्रीब्यूटर्स फेडरेशनका उपाध्यक्ष बिजन विश्वासले भन्नुभयो – अझ पनि धेरै संख्यामा उपभोक्ताहरुको ई-केवाईसी बाकी छ । इंडेन गैसको मात्र लगभग 20 लाख उपभोक्ताहरुले अहिलेसम्म ई-केवाईसी गराएका छैनन् । उपभोक्ताहरुले घरमै बसेर पनि ई-केवाईसी गराउन सक्नेछन् । गत मार्च महिनामा पश्चिम एशियामा युद्धको स्थिति बीच ई-केवाईसी नगराउने उपभोक्ताहरुलाई गैसको आपूर्ति रोकीदिएको थियो । यस पल्ट आपूर्ति बंद गर्ने बिषयमा केहि नभनिएता पनि ई-केवाईसी नगरेको खण्डमा यसको मुल्यको अतिरिक्त बोझ पर्नसक्छ ।

**बीएसएफ नॉर्थ बंगाल - स्वतंत्रता दिवस**

सीमा सुरक्षा बल (बीएसएफ) नॉर्थ बंगाल फ्रंटियर मुख्यालय कदमतला सहित यस अंतर्गत पर्ने सेक्टर मुख्यालय अनि बटालियन्हारुमा आज स्वतंत्रता दिवस देशभक्तिको जोश अनि उत्साहको साथ मनाईयो। यस अवसरमा बीएसएफ नॉर्थ बंगाल फ्रंटियरका महानिरीक्षक मुकेश त्यागीले कदमतला स्थित बीएसएफ कैंपमा राष्ट्रीय ध्वज फहराउनु भयो। उहाले सबै जवानहरु अनि उनीहरुका परिजनहरुलाई स्वतंत्रता दिवसको शुभकामना दिनुभयो अनि देशको स्वतन्त्रताको लागि आफ्नो सर्वस्व न्योछावर गर्ने स्वतंत्रता सेनानिहरुलाई श्रद्धांजलि अर्पित गर्नुभयो। सीमावर्ती क्षेत्रहरुमा स्थानीय मानिसहरुले पनि बीएसएफ को स्वतंत्रता दिवस समारोहमा उत्साहपूर्वक भाग लिए।

**ई-केवाईसी - समयसीमा**

खाना पकाउने गैसका उपभोक्ताहरुलाई राहत दिंदै सरकारी तेल विपणन कंपनिहरुले एलपीजी कनेक्शनको लागि ई-केवाईसी गराउने समयसीमा बढ़ाएर 23 अगस्त गरेको छ। पहिला 16 अगस्त ई-केवाईसी गराउने अंतिम तिथि थियो। धेरै संख्यामा उपभोक्ताहरु ई-केवाईसी गराउन असमर्थ रहे पछि समयसीमा सात दिन बढ़ाउने निर्णय लिईएको हो। उपभोक्ताहरुको सुविधालाई ध्यानमा राख्दै आज 15 अगस्त अनि भोली आईतबार पनि राज्यको धेरै एलपीजी वितरकहरुले आफ्नो केंद्र खुल्ला राख्नेभएका छन्। ऑल इंडिया एलपीजी डिस्ट्रीब्यूटर्स फेडरेशनका उपाध्यक्ष बिजन विश्वासले भन्नुभयो – अझ पनि धेरै संख्यामा उपभोक्ताहरुको ई-केवाईसी बाकी छ। इंडेन गैसको मात्र लगभग 20 लाख उपभोक्ताहरुले अहिलेसम्म ई-केवाईसी गराएका छैनन्। उपभोक्ताहरुले घरमै बसेर पनि ई-केवाईसी गराउन सक्नेछन्। गत मार्च महिनामा पश्चिम एशियामा युद्धको स्थिति बीच ई-केवाईसी नगराउने उपभोक्ताहरुलाई गैसको आपूर्ति रोकीदिएको थियो। यस पल्ट आपूर्ति बंद गर्ने बिषयमा केहि नभनिएता पनि ई-केवाईसी नगरेको खण्डमा यसको मुल्यको अतिरिक्त बोझ पर्नसक्छ।

**पश्चिम बंगाल बेटी बचाओ**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यमा बेटी बचाओ बेटी पढाओ योजना लागू गरिने घोषणा गर्नु भएको छ। उहाले हिजो कोलकातामा आयोजित कन्या रत्न दिवस कार्यक्रममा यो घोषणा गर्न भएको हो। उहाँले प्राथमिक देखि उच्च शिक्षा स्तरसम्म बालिका शिक्षालाई बढ़ावा दिनका लागि धेरै नयाँ पहलहरूको पनि घोषणा गर्नुभयो।पश्चिम बंगाल सरकारको कन्या रत्न योजना अन्तर्गत बालिकाहरूलाई दिइँदै आएको वित्तीय सहायता अर्को वर्ष एक हजार रुपियाँदेखि बढाएर 2 हजार रुपैयाँ गरिनेछ।स्कूल पछिको उच्च शिक्षाका लागि एकमुस्ठ सहायता पनि 25 हजारदेखि बढाएर 50 हजार गरिनेछ।श्री अधिकारीले उच्च माध्यमिक परीक्षामा 60 प्रतिशतभन्दा अधिक अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई स्वामी विवेकानन्द छात्रवृत्ति योजना अन्तर्गत छात्रवृत्ति प्रदान गरिने घोषणा पनि गर्नुभयो।

**स्वतन्त्रता दिवस-खर्साङ**

80 औं स्वतन्त्रता दिवस समारोह समिति 2026 खरसाङको आयोजनामा खरसाङमा स्वतन्त्रता दिवस समारोह सम्पन्न भएको छ। खरसाङको मन्टिभियट खेल मैदानमा आयोजित स्वतन्त्रता दिवस कार्यक्रमको अध्यक्षता आयोजक समितिको सभापति गोबिन छेत्रीले गरेका थिए भने प्रमुख अतिथिको रुपमा खरसाङका विधायक सोनाम लामा उपस्थित रहेका थिए। सूचना अनि सांस्कृतिक विभाग खरसाङका कलाकारहरुले बन्देज मातारम गीत प्रस्तुत गरेपछि थालिएको कार्यक्रममा प्रमुख अतिथि विधायक सोनाम लामाको बाहुलीबाट राष्ट्रिय ध्वज उत्तोलन गरियो। स्वतन्त्रता दिवस समारोहमा खरसाङ क्षेत्रका विभिन्न विद्यालयका विद्यार्थीहरुले मार्चपास्ट प्रस्तुत गरेका थिए भने विधायक सोनाम लामाले सलामी ग्रहण गरेका थिए।

सूचना तथा सांस्कृतिक विभागले GTA को सहयोगमा आज लेबोङ पब्लिक ग्राउन्डमा सर्वसाधारण तथा विद्यार्थीहरूको सहभागितामा स्वतन्त्रता दिवस भव्य रूपमा मनायो। कार्यक्रममा मुख्य अथितिको रुपमा विधायक नोमान राईले राष्ट्रिय ध्वज

उत्तोलन गर्नुभयो। समारोहमा विद्यार्थी तथा विभिन्न समूहद्वारा देशभक्तिपूर्ण एवं सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरिए। कार्यक्रमको अन्त्यमा सबै सहभागीहरूले सामूहिक रूपमा राष्ट्रिय गान गाए।
आकाशवाणी खरसाङको प्रागणमा पनि 80औं स्वन्तत्रता दिवस समारोहको आयोजन गरियो। यसमा आकाशवाणीका ADG राजीव सुब्बाले राष्ट्रीय ध्वज फहराउनु भयो र हार्दिक शुभकामना दिनुभयो। उहाँले भन्नुभयो यस दिन शहीदहरुलाई स्मरण गर्ने दिन हो जसले देशको स्वाधीनताका लागि आफ्नो प्राणको बलिदान दिएका थिए। मिरिक स्थित आहाले खेल मैदानमा पनि आज देश प्रेम अनि देशभक्तिका साथ स्वतन्त्रता दिवस पालन गरियो।सूचना एवं संस्कृति बिभागको आयोजनामा सम्पन्न कार्यक्रममा मुख्य अथिति, मिरिक पञ्चायत समितिका अध्यक्ष कैलाश खवास तथा बिशिस्ट अतिथिको रुपमा मिरिक महकुमा अधिकारी कृष्णकान्त घोष उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको अघिल्लो चरणमा मुख्य अतिथिद्वारा राष्ट्रिय ध्वजरोहण गरियो। त्येस पछि मुख्य अतिथिले परेडको सलामी लिएका थिए। कार्यक्रमलाई रोचक बनाउन संस्कृतिक कार्यक्रम , म्याराथन दौड अनि अन्तर बिधालयको फुटबल फाइनल खेल सम्पन्न गरिएको थियो।

**********